सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १९६ ♦ २०८२ साल चैत्र ८ आइतवार ♦ 22 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## असामयिक वर्षाले इँटा उद्योगमा ठूलो धक्का : महोत्तरीमा करोडौं क्षति







**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**चैत्र ७ गते, महोत्तरी**

इँटा उत्पादनको चरम सिजनमै परेको बेमौसमी वर्षाले महोत्तरीका इँटा उद्योगहरू गम्भीर संकटमा परेका छन्। शुक्रबार साँझदेखि लगातार परेको वर्षाले पोल्नका लागि तयार पारिएका काँचो इँटा गलेर नष्ट भएपछि जिल्लाभरका व्यवसायीहरूले करोडौं रुपैयाँ बराबरको क्षति व्यहोर्नुपरेको छ।

इँटा उद्योग व्यवसायी संघ महोत्तरीका अनुसार जिल्लामा सञ्चालित करिब ३५-३६ वटा भट्टामा गरी ६ करोड रुपैयाँभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ। उत्पादनको सबैभन्दा अनुकूल समय मानिने माघ, फागुन र चैत महिनामा सामान्यतया वर्षा नपर्ने हुँदा उद्योगीहरूले ठूलो परिमाणमा इँटा तयार पार्ने गर्छन्। तर यसपटकको आकस्मिक वर्षाले सुकाएर राखिएका अधिकांश काँचो इँटा पूर्ण रूपमा नष्ट गर `को छ।

रामगोपालपुर नगरपालिका-७ स्थित रोयल स्टार इँटा उद्योगका सञ्चालक तथा संघका अध्यक्ष संजय चौधरीका अनुसार एउटा भट्टामै करिब २० लाख रुपैयाँसम्मको क्षति पुगेको छ। उनले आफ्नै उद्योगमा मात्रै करिब २० लाख बराबरको इँटा गलेर नष्ट भएको बताए। “वर्षभरी बिक्रीका लागि तयार पारिएको इँटा एकैपटक पानीले बगाउँदा उद्योगीहरू गम्भीर आर्थिक संकटमा परेका छन्,” उनले भने।

औरही नगरपालिका-२ मा रहेको न्यु बाबा इँटा उद्योगका सञ्चालक हरिनारायण यादवले पनि करिब ८ लाख बराबरको इँटा नष्ट भएको जानकारी दिए। त्यस्तै, औरही-७ स्थित न्यु मिथिला इँटा उद्योगमा करिब २० लाख बराबरको क्षति भएको सञ्चालक रामबाबु चौधरीले बताए। उनका अनुसार वर्षभरीको मेहनत एकै झट्कामा नष्ट हुँदा आगामी उत्पादन चक्रसमेत प्रभावित बनेको छ।

व्यवसायीहरूका अनुसार काँचो इँटा खुला आकाशमुनि सुकाइने भएकाले यस्ता प्राकृतिक विपद्बाट जोगिन गाह्रो हुन्छ। अझै समस्या के छ भने, काँचो इँटाको बीमा नहुने भएकाले सम्पूर्ण जोखिम उद्योगीहरूले नै व्यहोर्नुपर्छ। संघका अध्यक्ष चौधरीले बीमा कम्पनीहरूले कच्चा पदार्थको रूपमा रहेको इँटालाई बीमामा समेट्न नसकिने बताउँदै यसतर्फ सरकारको ध्यानाकर्षण गराएका छन्। उनले संघीय तथा प्रदेश सरकारले राहत र दीर्घकालीन नीति ल्याउनुपर्ने माग गरेका छन्।

महोत्तरीका औरही, र ामगोपालपुर, गौशाला, सम्सी, बलवा लगायत क्षेत्रमा इँटा उद्योगहरू केन्द्रित छन्। यहाँ भारतका विभिन्न स्थान–सितामढी, दरभंगा, उत्तर प्रदेश–बाट श्रमिक ल्याइने गरिन्छ, जसलाई प्रतिइँटा १ रुपैयाँ ५० पैसाका दरले ज्याला दिइन्छ। अहिले उत्पादनमै ठूलो क्षति भएपछि श्रमिक व्यवस्थापनदेखि उद्योग सञ्चालनसम्म चुनौती थपिएको छ।

उद्योगीहरूका अनुसार यसपटकको क्षतिले आगामी दिनमा इँटाको उत्पादन घट्ने निश्चितजस्तै छ। उत्पादनमा

बाँकी पृष्ठ ३ मा

## एभरेस्ट चिनी मिलको ८९ दिनको उखु क्रसिङ सम्पन्न




**खबर दर्पण समाचारदाता**


**चैत्र ७ गते, बर्दिवास**

महोत्तरीको रामनगरस्थित एभरेस्ट चिनी मिलले विविध चुनौतीका बाबजुद यस वर्षको उखु क्रसिङ सफलतापूर्वक सम्पन्न गरेको छ। गत पुस ७ गते सञ्चालनमा आएको मिलले बिहीबार (चैत ५ गते) राति २ बजेदेखि चालु सत्र (२०८२/८३) को क्रसिङ औपचारिक रूपमा बन्द गरेको हो।

यस वर्ष मिलले न्युनतम ३१ लाख क्विन्टल उखु क्रसिङ गरी करिब दुई लाख ७९ हजार क्विन्टल चिनी उत्पादन गर्ने लक्ष्य राखेको थियो। तर उखु अभावका कारण २८ लाख ५३ हजार १७८ क्विन्टल मात्र क्रसिङ गर्न सकियो, जुन लक्ष्यभन्दा करिब २ लाख क्विन्टल कम हो।

उद्योगका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरका अनुसार किसान आन्दोलन, मौसमी प्रतिकुलता, चुनावी व्यस्तता र

बाँकी पृष्ठ ३ मा



खबर दर्पण
राष्ट्रिय दैनिक



# मधेसमा 'डिजे' आतंक : चर्को ध्वनिले आजित सर्वसाधारण

मनिका झा

ट्र्याक्टरमा बाँधिन्छन्, चारदेखि पाँच वटासम्म ठूलठूला साउन्ड बक्स र बुफरहरू। यसको पछाडि जडान गरिन्छ जेनरेटर। गाडीमाथि साउन्ड सिस्टम राखेर एकजना अपरेटरले त्यसलाई चलाउँछन्। त्यसपछि फुल साउन्डमा बज्न थाल्छन् अश्लील गीतहरू। मधेसमा 'डिजे बाजा' भनेर चिनिने ट्र्याक्टर अगाडि गुडछन, पछिपछि झुन्ड बनाएर नाच्दै निस्किन्छन् महिला-पुरुष।

पछिल्लो समय मधेस प्रदेशमा बिना डिजे न त कुनै विवाह हुन्छ, न त कुनै पर्व नै। कुनै पनि शुभकार्यमा डिजे बाजा अनिवार्य भइसकेको छ। डिजेमा चर्को स्वरमा गीत बजाउनुलाई मानसम्मान मानिन्छ। डिजेको चर्को स्वर सहनै नसकिने भए पनि त्यसको विरोधमा बोल्ने कोही पनि हुँदैनन्। किनकि सबैले आआफ्नो घर मा बेलाबेलामा यस्तो कार्यक्रम आयोजना गरेकै हुन्छन्। त्यसैले तै चुप मै चुप भएर बस्छन्।

डिजे आतंकले मधेस प्रदेशमा ठूलठूला सामाजिक द्वन्द्व र आपराधिक घटना भएका छन्। तर, पनि डिजेको क्रेज कम हुनुको साटो झन्झन् बढ्दै गएको छ।

फागुन ८ गते रौतहटको सदरमुकाम गौर नगरपालिका ६ सबगढा गाउँमा दुई समुदायबीच डिजेकै कारण विवाद सिर्जना भयो। विवाद बढ्दै गएपछि ठूलो झडप भयो। गाउँमा रातिको बेला हिन्दु समुदायको विवाहमा चर्को स्वरमा डिजे बजाउँदै जन्ती गयो। सो बेला मुस्लिम समुदायका मस्जिदमा सबै नवाज पढिरहेका थिए। मस्जिद अगाडि अश्लील गीत बजाउँदै मानिसहरू नाचगान गर्न थालेपछि भनाभन सुरु भयो र केही बेरमै विवाद झडपमा परिणत भई कुटपिट र ढुंगामुढा सुरु भयो। विवाद बढ्दै जाँदा अर्को दिन दुवै समुदायका व्यक्तिले एक मालवाहक टिपर जलाए भने मोटर साइकल र अन्य सवारीहरूमा पनि क्षति पुऱ्याए। अवस्था साम्य पार्न दिनभरि प्रहरीले निषेधाज्ञा जारी गर्नु पऱ्यो। अवस्था नियन्त्रणमा लिन नेपाली सेनासमेत परिचालन गर्नु परेको रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल बताउँछन्।

'मधेसमा बिहेवारी र मनोरञ्जनका लागि बजाइने डिजे ध्वनि एक प्रमुख सार्वजनिक उपद्रव नै बनेको मैले अनुभव गरेको छु,' साउन्ड प्रोफेसनलको रूपमा काम गर्दै आएका रञ्जन झा जनकपुर को दुई महिना बसाइँपछि आफ्नो सामाजिक सञ्जालमा लेख्छन्, 'ध्वनि निकाल्न प्रयोग गरिएका शक्तिशाली प्रणालीहरू विशेषगरी सबवुफरहरू, क्लब वा इजाजतपत्र प्राप्त स्थलहरूजस्ता नियन्त्रित भित्री वातावरणको लागि डिजाइन गरिएका हुन्छन् न कि खुला तथा सार्वजनिक स्थानहरूको लागि। यो केवल असुविधामात्र होइन यसले सामुदायिक शान्ति, मानसिक कल्याण र श्रवण स्वास्थ्यलाई समेत असर गर्छ। जनतालाई अनियन्त्रित आवाजबाट जोगाउन कडा नियमन र कार्यान्वयनको समय आएको छ। '

छाडा डिजे र अनियन्त्रित ध्वनि प्रदूषणको विरुद्धमा २०७९ साल मंसिर २५ गते उच्च अदालत जनकपुरमा अधिवक्ताद्वय राहुलकुमार झा र आरती साहले परमादेशलगायत उपयुक्त आदेश माग्दै रिट निवेदन हालेका थिए। मधेस प्रदेश सरकार र धनुषा जिल्लाका सबै स्थानीय तहलाई विपक्षी बनाएर दर्ता गराइएको उक्त रिटमा, 'स्वच्छ र शान्त वातावरणमा बस्न पाउने हक सबै नागरिकको रहेको हुँदा उक्त हकमा दिनदिनै खेलवाड भइराखेको र पालिका लगायत मधेस प्रदेशभरि नै ध्वनि प्रदूषणले विकराल रुप लिँदै आएको हुँदा निवेदन दर्ता गराउनु परेको' उल्लेख गरिएको थियो।




उक्त रिटमाथि २०८१ साल जेठ महिना २२ गते उच्च अदालत जनकपुरका न्यायाधीश नरिश्वर भण्डारी र कृष्णमुरारी शिवाकोटीको संयुक्त इजलासले निर्देशनात्मक आदेश जारी गऱ्यो। उक्त आदेशमा 'धनुषा, महोत्तरीलगायतका मधेस प्रदेशका सबै स्थानमा ध्वनि प्रदूषण नियन्त्रणका उपायहरू पहिचान गरी एकीकृत ध्वनि प्रदूषण नियन्त्रणसम्बन्धी मापदण्ड निर्धारण गरी लागू हुन जरुरी भएकोले प्रस्तुत रिटमार्फत विपक्षीहरूका नाउँमा निर्देशात्मक आदेश जारी हुने ठहर्छ' भनी उल्लेखित छ।

अदालतले ध्वनि प्रदूषण नियन्त्रणको लागि आदेश दिएपछि प्रदेशमा त्यसको पालना भएको छैन। 'एउटा सामान्य पूजापाठ हुँदासमेत घरको छतमा चारैतिर लाउडस्पिकर लगाएर गीत बजाउँछन्। धार्मिक कार्यमा बाधा गर्न को जाओस् भन्दै सहन बाध्य हुन्छौं,' जनकपुरधाम उपमहानगरपालिका–४ का सन्तोष साह भन्छन्, 'गीत बजाउँदा पनि निकै अश्लील र घरपरिवारसँग बसेर सुन्नै नसक्ने खालका हुन्छन्। खै यो कसरी नियन्त्रणमा आउँछ थाहै भएन।'

मानिसले नचाहेको आवाज लगातार सुन्नैपर्ने बाध्यता ध्वनि प्रदूषण हो। संविधानको धारा ३० मा मौलिक अधिकारको रुपमा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुने, वातावरणीय प्रदूषण वा हसबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुन क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने उल्लेख छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ञ) मा 'प्रदूषण' भन्नाले फोहर मैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत् चुम्बकीय तरंग वा विकीरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय हस ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य सम्झनुपर्छ भनी परिभाषित गरिएको छ।-अन्नपूर्णा पोष्ट

# टंकु मल्लको अधुरो फुटबल कथा : गौरवपूर्ण इतिहास, गुमनाम वर्तमान

विशाल बस्नेत

**चैत्र ७ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासमा बस्ने टंकु मल्ललाई पहिलो पटक देख्दा उनी सामान्य फुटबल समर्थक जस्ता मात्र देखिन्छन् । होचो कद, साधारण भेषभूषा र प्रायः प्रसिद्ध क्लब चेल्सीको जर्सी लगाउने उनको शैलीले उनलाई कुनै समयका खेलाडी हुन् भन्ने अनुमान लगाउन गाह्रो हुन्छ । तर उनको जीवनकथा सामान्य होइन । उनी त्यस्ता खेलाडी हुन्, जसलाई देशले एक समय चिन्यो, तर आफ्नै ठाउँले बिस्तारै बिर्सँदै गयो । टंकुको कोठा कुनै संग्रहालयभन्दा कम छैन । पर्खालभरि टाँसिएका प्रमाणपत्र, पुराना कागजात र धमिला तस्बिरहरूले उनको विगतको गौरवपूर्ण खेलजीवनको साक्षी दिन्छन् । ती कागजहरूले देखाउने इतिहास केवल उपलब्धिको सूची मात्र होइन, संघर्ष, समर्पण र अधुरा सपनाको कथा पनि हो । ती सम्झनाहरूमा मैदानको हुटिङ, दर्शकको उत्साह, जितको गर्व र हारको पीडा सबै मिसिएका छन् ।



एक समय थियो, जब टंकु नाम जनकपुर अञ्चलभरि चर्चित थियो । विशेषगरी अन्डर-१६ र ाष्ट्रिय प्रतियोगितामा जनकपुर बाट प्रतिनिधित्व गर्दै उनले उत्कृष्ट प्रदर्शन गरेका थिए । करिब ४५ वर्षअघि उनी अन्डर

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# टंकु मल्लको अधुरो फुटबल कथा......................

-१६ टोलीमा छनोट भएपछि काठमाडौंमा १ महिना तालिम लिएका थिए। त्यतिबेला प्रशिक्षक दीपक शाहीको मार्गदर्शनमा उनले आफ्नो भविष्य उज्ज्वल हुने आशा गरेका थिए ।

टंकु भन्छन्, 'जीवनलाई खेलबाटै सुन्दर बनाउने ठुलो चाहना थियो, तर त्यो पूरा हुन सकेन । तर मैले आफ्नो लागि मात्र होइन, आफ्नो ठाउँको नामका लागि खेलें ।' उनका अनुसार, उनले जनकपुर अञ्चलको प्रतिष्ठा जोगाउन महत्वपूर्ण भूमिका खेलेका थिए ।

उनको कप्तानीमा जनकपुर अञ्चलको सिनियर टोलीले धेरै प्रतियोगितामा सफलता हासिल गरेको थियो। त्यस समय उनको खेल कौशल, नेतृत्व क्षमता र निरन्तरताले उनलाई देशभर परिचित बनाएको थियो । तर विडम्बना, त्यस्तो इतिहासको संरक्षण र सम्मान गर्ने कुनै औपचारिक संरचना भने बनेन ।

टंकुको खेलजीवनको अर्को विशेष पक्ष हो–उनको अनुभव। आफ्नो खेल जीवनमा २ हजारभन्दा बढी प्रतियोगितामा सहभागी भएको उनी बताउँछन् । तीमध्ये अधिकांशमा उनले टोलीको नेतृत्व गरेका थिए। बर्दिवासको यति क्लब त्यसबेला निकै चर्चित थियो र टंकु त्यस टोलीका प्रमुख खेलाडी तथा नेतृत्वकर्ता थिए। 'हाम्रो टोलीले करिब ८० प्रतिशत प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याएको थियो,' उनी सम्झन्छन्, 'हामीले भारतका जयनगर, मुजफ्फरपुर, इनरुवाजस्ता ठाउँहरूमा पनि खेलेका थियौं । भारत जाँदा नेपाली भएर खेल्यौं, नेपालका विभिन्न ठाउँमा जाँदा जनकपुर टाइगरको रूपमा चिनिन्थ्यौं ।' यो समय आफ्नो प्रदर्शनमा कहिल्यै कमी आउन नदिएको टंकु बताउँछन् ।

तर त्यो समय सजिलो थिएन । आर्थिक अभाव ठुलो चुनौती थियो। खेल सामग्री किन्न पनि संघर्ष गर्नुपर्थ्यो । 'बुट र जर्सी किन्नसमेत पैसा हुँदैनथ्यो,' टंकु भन्छन्, 'तर त्यस्तो अवस्थामा पनि हामीले खेललाई निरन्तरता दियौं, अञ्चलको नाम राख्यौं ।' यति क्लबको विकासमा दीपक हमालको ठुलो योगदान रहेको टंकु बताउँछन् । स्थानीय रूपमा प्रभावशाली व्यक्तिहरूको सहयोगले टोलीले विभिन्न प्रतियोगितामा भाग लिन सक्थ्यो । विशेषगरी चिरञ्जीवी हमालले आर्थिक सहयोग गरेर खेललाई अगाडि बढाउन मद्दत गरेको उनी सम्झन्छन् । 'उहाँले हाम्रो मर्म बुझ्नुभयो, त्यसैले हामीले धेरै अवसर पायौं,' उनी भन्छन् ।

तर समयसँगै टोली बिस्तारै छिन्नभिन्न हुन थाल्यो । धेरै खेलाडी विदेशिए, केहीले पेशा परिवर्तन गरे । आर्थिक स्थायित्वको अभाव र खेलबाट जीविकोपार्जन गर्न नसक्ने अवस्थाले टोलीको सक्रियता घट्दै गयो। टंकुअनुसार, झन्डै ३० वर्षअघि नै उनीहरूको सक्रिय खेलजीवन समाप्त भएको थियो । भरत हमाल, कमल हमाल, विनोद हमाल, लालबहादुर भुजेल, रुद्र भुजेललगायत उनका सहयात्रीहरू- आज पनि बर्दिवासमै छन्, तर खेलजीवनबाट टाढा भइसकेका छन् । उनीहरू एकै टोलमा बस्छन् र कहिलेकाहीं भेट हुँदा पुराना दिनहरू सम्झन्छन्। ती भेटघाटहरूमा खेलका कथा फेरि जीवित हुन्छ- जित, हार, प्रतिस्पर्धा र अधुरा सपना ।

त्यो समय नेपाली फुटबलका लागि पनि महत्वपूर्ण थियो । राष्ट्रिय टोलीमा स्थान बनाउनु ठुलो उपलब्धि मानिन्थ्यो। टंकु र उनका साथीहरूले पनि राष्ट्रिय टोलीमा पुग्न प्रयास गरेका थिए । हरि खड्का राष्ट्रिय टोलीमा छनोट हुँदा टंकु, भरत हमाललगायत खेलाडीले कडा प्रतिस्पर्धा गरेका थिए । उनीहरूको प्रदर्शन कमजोर नभए पनि सानो अन्तरले अवसर गुमेको थियो। टंकु भन्छन्, 'खेलमा क्षमता मात्र होइन, निरन्तरता र सही समयमा लिइने निर्णय पनि महत्वपूर्ण हुन्छ । केही साना कमजोरीले हामीलाई ठुलो अवसर बाट वञ्चित बनायो ।'

व्यक्तिगत जीवनमा पनि टंकुले खेललाई नै प्राथमिकता दिए । उनले विवाह गरेनन् । 'जवानी खेल्दै बित्यो, पछि विवाह गर्ने समय नै भएन,' उनी भन्छन् । अहिले पनि उनी खेलप्रतिको आफ्नो लगाव कायम राखेका छन् । यदि अवसर पाए नयाँ पुस्तालाई आफ्नो अनुभव बाँड्न चाहने उनको इच्छा छ। आज टंकुको जीवन एउटा प्रश्नजस्तै बनेको छ–के समाजले यस्ता खेलाडीहरूको योगदानलाई केवल सम्झनामा सीमित राख्ने हो ? कुनै समय देशभर चिनिएका खेलाडी आज आफ्नै ठाउँमा गुमनाम हुनु नेपाली खेलकुद व्यवस्थापनको कमजोर पक्षको उदाहरण भएको सरोकारवालाहरूको भनाइ छ। बर्दिवास पनि समयसँगै बदलिएको छ । एक समय खेलकुदको ऊर्जा र सामूहिकता झल्किने ठाउँ अहिले अव्यवस्थित विस्तार र बदलिँदो जीवनशैलीका कारण अपरिचितजस्तो भएको छ । त्यही परिवर्तनसँगै टंकुजस्ता खेलाडीहरूको पहिचान पनि बिस्तारै ओझेलमा परेको स्थानीयको भनाइ छ। उनका माया गर्नेहरूको भनाइ सापटी लिने हो भने- टंकु केवल एक खेलाडी होइनन्, उनी एक युगका प्रतिनिधि हुन् । उनका कथा हारका होइनन्, संघर्ष र समर्पणका हुन् । उनका उपलब्धिहरू कागजमा सीमित भए पनि सम्झनामा अझै जीवित छन्। आज पनि बिहान-बेलुका साथीहरूसँग भेट हुँदा उनीहरू सोच्ने गर्छन्, 'यदि त्यो बेला अझै अलि सक्रिय भएको भए के हुन्थ्यो होला ?' सायद उनीहरूले राष्ट्रिय जर्सी लगाउने अवसर पाउँथे । तर त्यो सपना अधुरै रह्यो ।

तर अधुरा सपनाहरूले पनि इतिहास बनाउँछन्। टंकुको कथा त्यही इतिहासको हिस्सा हो–जुन इतिहासले भन्छ, प्रतिभा थियो, अवसर थियो, तर समय र व्यवस्थाले साथ दिएन । आममानिसको प्रश्न छ–के यस्ता कथा भविष्यमा पनि दोहोरिन्छ, वा समाजले यस्ता पात्रलाई सम्मानित स्थान दिनेछ ?

# बर्दिबास साहित्यिक-सांस्कृतिक....

पोखरेल, कमल सिलवाल, रामनाथ महतो, विपुल विद्रोही, निसु कुशवाह, डिल्ली श्रेष्ठ तथा नारायण घिमिरे लगायत रहेका थिए ।

कार्यक्रममा प्रगतिशील लेखक सङ्घ नेपाल मधेश प्रदेश समितिका अध्यक्ष नारायण घिमिरे, शिक्षा विद् तथा साहित्य अनुरागी कमल सिलवाल, प्रलेस नेपाल मधेश प्रदेश समितिका सचिव भीमकुमार राउत, बुद्धयौली साहित्य समाज महोत्तरीका अध्यक्ष लालबाबु पोखरेल, सिस्नुपानी नेपाल महोत्तरीका अध्यक्ष नारद काफ्ले, जुनकिरी साहित्य समाजका अध्यक्ष राजेश भण्डारी, जनता साहित्यिक मञ्च गौरीडाँडाका सदस्य रामनाथ महतो, बर्दिबास सिद्धार्थ पब्लिक स्कुलका प्रिन्सिपल डिल्ली श्रेष्ठ तथा बुद्धयौली साहित्य समाज मधेश प्रदेश समितिका सचिव एवं प्रगतिशील लेखक सङ्घ नेपाल महोत्तरीका अध्यक्ष रामचन्द्र पौडेलले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

उक्त अवसरमा वक्ताहरूले वर्तमान समयमा साहित्य समाजलाई सही दिशातर्फ डोऱ्याउने र शासकलाई खबरदारी गर्ने सशक्त माध्यम बन्नुपर्ने धारणा राखेका थिए ।

# एभरेस्ट चिनी मिलको .....

'नो केन' (उखु अभाव) जस्ता समस्याले उत्पादनमा असर पारेको छ।

आर्थिक वर्ष २०८१/८२ सत्रमा मिल ९२ दिन सञ्चालन भएको थियो भने यस वर्ष उखु अभावका कारण ८९ दिन मात्रै सञ्चालन हुन सक्यो। निर्वाचन, सरसफाइ र उखु अभावका कारण क्रसिङ पटक-पटक प्रभावित भएको पनि ठाकुरले जनाउनुभयो।

मिलको मुख्य उखु उत्पादन क्षेत्र महोत्तरी र सर्लाही भए पनि अपेक्षित उत्पादन नहुँदा लक्ष्य पूरा हुन सकेको छैन। महोत्तरीबाट २४ लाख क्विन्टल उत्पादन हुने प्रक्षेपण गरिएकोमा २२ लाख क्विन्टल मात्र प्राप्त भएको छ भने सर्लाही पूर्वी क्षेत्रबाट ५ लाख क्विन्टल उखु प्राप्त भएको छ।

चिनीको रिकभरी दर गत वर्ष ८.७२ प्रतिशत रहेकोमा यस वर्ष करिब ९ प्रतिशत पुग्ने अनुमान गरिएको छ। हाल क्रसिङ सम्पन्न भएकाले चिनी उत्पादनको यकिन विवरण केही दिनभित्र सार्वजनिक गरिने जनाइएको छ।

खरिद गरिएका उखुमध्ये फागुन २६ गतेसम्म २६ लाख ३२ हजार क्विन्टल उखुको एक अर्ब ६१ करोड ७२ लाखभन्दा बढी रकम १,१७४ किसानको खातामा भुक्तानी गरिएको छ। बाँकी रकम पनि एक साताभित्र भुक्तानी गरिने वित्तीय महाप्रबन्धक ठाकुरले जानकारी दिनुभयो।

समयमै भुक्तानी सुरु भए पनि किसानहरू उचित मूल्य नपाएको भन्दै असन्तुष्ट छन्। उनीहरूले उखुको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल ७५० रुपियाँ कायम गर्न माग गर्दै मिल गेटदेखि काठमाडौं केन्द्रित आन्दोलन गरेका थिए। सरकारले यस वर्ष प्रति क्विन्टल समर्थन मूल्य ६२० रुपियाँ तोकेको छ। ७० रुपियाँ अनुदान थपिएपछि मूल्य ६९० रुपियाँ पुगेको छ।

उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले उत्पादन लागत, अनुदान र बजार मूल्यबिचको असन्तुलन सुधार गर्न सरकारसँग माग गर्दै आएका छन्। उखु उत्पादक कृषक महासङ्घका केन्द्रीय सदस्य महाशङ्कर थिङले पनि कृषक समस्यालाई कृषि क्षेत्रको विश्वसनीयतासँग जोडिएको भन्दै नयाँ सरकारले सकारात्मक पहल गर्ने अपेक्षा व्यक्त गर्नुभएको छ। -गोरखापत्र

# असामयिक वर्षाले ईंटा उद्योगमा....

गिरावट आएसँगै बजारमा अभाव सिर्जना भई मूल्य वृद्धि हुने संकेत देखिएको छ। "काँचो ईंटा नै नष्ट भएपछि मागअनुसार आपूर्ति गर्न सकिँदैन, त्यसले मूल्य बढाउनेछ," अध्यक्ष चौधरीले बताए।

असामयिक वर्षाले निम्त्याएको यो संकटले केवल उद्योगीहरूलाई मात्र होइन, निर्माण क्षेत्रलाई समेत प्रभावित पार्ने देखिएको छ। समयमै राहत र नीतिगत समाधान नआएमा यसको असर अझै गहिरिँदै जाने चिन्ता व्यवसायीहरूको छ।

जनकपुरधाम उपमहानगरपालिका
सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना


सामाजिक सुरक्षा भत्ताको लागि तोकिएको समय मै नाम नवीकरण गरौं ।
सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।
सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी जानकारी
* नवीकरण अवधि: हरेक वर्षको साउन १ देखि भाद्र मसान्तसम्म।
* स्थान: सम्बन्धित वडा कार्यालय।
आवश्यक कागजातहरू:
* पुरानो सामाजिक सुरक्षा परिचयपत्र।
* नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
* हालै खिचिएको पासपोर्ट साइजको फोटो (आवश्यकता अनुसार)।
सामाजिक सुरक्षा भत्ताका मुख्य प्रकारहरू:
* जेष्ठ नागरिक भत्ता * एकल महिला/विधवा भत्ता * अपाङ्गता भएका व्यक्तिको भत्ता (पूर्ण/अति अशक्त)
* दलित बालबालिका भत्ता * लोपोन्मुख जाति भत्ता
सामान्य उद्देश्य:
* गरिबी न्यूनीकरण * सामाजिक संरक्षण * सम्मानजनक जीवनयापनमा सहयोग
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

खबर दर्पण
राष्ट्रिय दैनिक



ज.प्र.का.म.द.नं.४८/०७३/०७४

# बर्दिबासमा एक महिलाको शव फेला

खबर दर्पण समाचारदाता

**चैत्र ७ गते, बर्दिवास**

शुक्रबार राति आएको हावाहुरीसहितको वर्षापछि महोत्तरीको बर्दिबासमा एक महिलाको शव फेला परेको छ।

बर्दिबास नगरपालिका-१ स्थित पूर्व-पश्चिम लोकमार्गको कल्भर्टमुनि जमेको पानीमा शनिबार बिहान अन्दाजी ४० वर्षीया महिलाको शव भेटिएको प्रहरीले जनाएको छ। मृतकको पहिचान खुल्न सकेको छैन। स्थानीयले पानीमा आंशिक रूपमा डुबेको अवस्थामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। ती महिला केही समयदेखि बर्दिबास क्षेत्रमा मागीखाने गर्दै हिँड्ने गरेको स्थानीयको भनाइ छ।

इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी विकास बमका अनुसार घटनास्थलको मुचुल्का तयार गरी शवलाई पोष्टमार्टमका लागि बर्दिबास अस्पताल पठाइएको छ। घटनाबारे थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ।

# बर्दिवास क्षेत्रमा तीन दिन विद्युत आपूर्ति बन्द



खबर दर्पण समाचारदाता

**चैत्र ७ गते, बर्दिवास**

नेपाल विद्युत प्राधिकरणले प्रसारण तथा वितरण लाइनको मर्मत र स्तरोन्नतिको कामका लागि बर्दीबास क्षेत्रमा शुक्रबारदेखि तीन दिन विद्युत आपूर्ति बन्द गरेको छ ।

प्राधिकरणको गौशाला शाखाका अनुसार किसाननगर फिडर अन्तर्गत पर्ने पूर्व-पश्चिम राजमार्ग उत्तरका चारवटा वडामा बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म नौ घण्टा विद्युत आपूर्ति बन्द गरिएको हो ।

गौशाला शाखा प्रमुख उमेश यादवले १३२ केभी प्रसारण लाइनको कन्डक्टर अपग्रेड आयोजना अन्तर्गत टावर नं. ३८५ देखि ३९१ सम्म मर्मत कार्य चलिरहेको बताउनुभयो । पुरानो तार हटाएर नयाँ तार फेर्ने काम भइरहेकोले टावर आसपासका ११ केभी, ३३ केभी र ६६ केभी पोलबाट वितरण हुने फिडरहरूमा अस्थायी रूपमा विद्युत आपूर्ति बन्द गर्नु परेको हो ।

बर्दीबास उपशाखा प्रमुख घनश्याम साहका अनुसार मर्मतका कारण किसाननगर फिडरबाट वितरण हुने बर्दीबासका १, ३, ४ र ५ नं. वडामा सेवा प्रभावित भएको छ । खाना पकाउने ग्यासको अभावका बेला लाइन अवरुद्ध हुँदा एक हजारभन्दा बढी ग्राहकको दैनिकी प्रभावित भएको छ ।

विद्युत सेवा ठप्प हुँदा भातभान्सा, बैंक तथा सरकारी कामकाज, वाइफाई सेवा, कुटानीपिसानिका मिल र समाचार सम्प्रेषण लगायतका सेवा प्रभावित भएका छन् ।

उमेश यादवले युद्धस्तरमा मर्मत कार्य जारी रहेकाले तोकिएको समयअगावै काम सम्पन्न भएमा विद्युत सेवा यथासक्य छिटो सुचारु गरिने प्रयास भइरहेको जानकारी दिनुभयो ।

# बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानको ७९औँ शृङ्खला सम्पन्न

खबर दर्पण समाचारदाता

**चैत्र ७ गते, बर्दिवास**



महोत्तरीको बर्दिबासस्थित रहेको बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानको ७९औँ शृङ्खला सम्पन्न भएको छ । शनिबार प्रतिष्ठानकी अध्यक्ष यशोदा श्रेष्ठको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । प्रतिष्ठानका सचिव पवनकुमार वाग्लेको सञ्चालनमा सम्पन्न कार्यक्रममा विभिन्न विधाका कविता, गजल तथा मुक्तक वाचन गरिएको थियो । वाचन गर्नेहरूमा प्रशंसा वाग्ले, राजेश भण्डारी, सिर्जना आचार्य, वैभवी हमाल, अम्बिसा हमाल, नारद काफ्ले, भीम राउत, पवनकुमार वाग्ले, यशोदा श्रेष्ठ, लालबाबु

*बाँकी पृष्ठ ३ मा*

सार्वजनिक स्थलमा
धुम्रपान नगरौं ।
सभ्य नागरीकको परिचय दिऔं ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,